पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सवारीको तीव्र गति रोकौं

आजभोलि दिनहुँजसो सडक दुर्घटनाका समाचारहरू आइरहेका छन् । सवारी अनुशासन उल्लंघन र तीव्र गतिका कारण सडक दुर्घटना निम्तिने गरेको तथ्यले देखाएको छ । प्रायजसो दुर्घटना चालकले तिव्र गतिमा सवारी चलाउँदा हुने गर्दछन् । त्यसैले सवारीसाधन चलाउँदा चालकले होसियारीपूर्वक चलाउनुपर्छ । चालक सर्तक नहुने हो भने दुर्घटनामा कमी आउँला भन्न सकिदैन् । चालककै लापरवाहीले बढी दुर्घटना हुने भएकाले चालकलाई सडक नियमको पूर्ण ज्ञान हुनुपर्छ । अर्को कुरा सुरक्षित यात्राका लागि सवारी चालक स्वास्थ्य हुनु र सडक सुरक्षाको पूर्ण ज्ञान हुनु जरुरी छ । ट्राफिक प्रहरीले शहर, सडक जतातत‌ै 'तीव्र गति, जीवन क्षति'को बोर्ड राख्ने गरेको छ । तैपनि सवारी चालकको चेत खुल्दैन । यही चेत नखुलेकै कारण दिनहुँ हृदयविदारक सवारी दुर्घटना हुने गर्दछन् । भनिन्छ, दशा बाजा बजाएर आउँदैन । केही गल्ती नगरेका व्यक्तिहरू दुर्घटनामा परे र अनाहकमा ज्यान गुमानुपर्ने अवस्था आउनु दुखद् हो । एउटाको गल्तीका कारण अरुले ज्यान गुमाउनु पर्दाको पीडा अति नराम्रो हुन्छ । तिव्र गतिमा सवारी चलाउने चालकलाई कारवाही गर्ने परिपाटी नहुँदा पनि यस्ता घटना घट्ने गर्दछन् ।

हरेक दिन घट्ने सवारी दुर्घटनाले व्यक्तिमात्रै हैन, परिवार तथा आफन्तमा गहिरो असर पर्छ । सवारी दुर्घटनाकै कारण बर्सेनि हजारौं मानिसको ज्यान जोखिममा परे पनि दुर्घटना न्यूनीकरणमा सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । सुरक्षित सडक यात्राको लागि सरकार पनि संवेदनशील भएर लाग्नुपर्छ । सार्वजनिक सवारी सुरक्षित हुनुपर्ने विषयमा नीति नियम बनाउने निकायले पनि तदारुकता देखाउनु पर्छ । सुरक्षित यात्राको अधिकार सार्वजनिक बहसको विषाय बन्न आवश्यक छ । दुर्घटना न्यूनीकरणमा प्रभावकारी कदम चाल्नका लागि सरकारले ढिलो गर्नु हुन्न । तसर्थ सरकारले सर्वप्रथम तीव्र गतिमा सवारी चलाउनेलाई विशेष कारवाही गर्नुका साथै जनचेतना जगाउन जरुरी छ ।

### Opinion @ Social Network


आफुमा भएको अहंकारलाई फाल्नुस् र आफुलाई हलुका बनाउनुस्, किनकी जो हल्का हुन्छ त्यही नै माथिसम्म उड्न सक्छ ।
(विजय भुसालको फेसबुक स्टाटसबाट https://www.facebook.com/Vijay.Bhusal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तथ्यांकमा होइन तथ्यमा अर्थतन्त्र सुधार हुनुपर्छ



## नन्दलाल खरेल

*वित्तीय अपराध र अकुत आर्जनले मुलुकको अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा धकेलेको छ । वित्तीय अपराध बढेपछि बैंकहरूको खराब कर्जा बढेको छ । कूल प्रवाह भएको बैंकिङकर्जा रकममध्ये उठ्न नसकेको बैंकहरूको निष्क्रिय ( खराब) कर्जा एक वर्षमै दोब्बर भएको छ । अर्थतन्त्रको तेस्रो खम्बा उठ्नै नसक्ने गरी थला परेको छ । पीडितहरूको संख्या लाखौं छ । सरकार पुँजीगत खर्च गर्न असफल देखिएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा १५ प्रतिशत भन्दा बढी खर्च गर्न सकेको छैन । गौरवका आयोजनाको प्रगति निराशाजनक छ । कुनै पनि मुलुक वस्तु तथा सेवा निर्यात गरेर सम्पन्न हुन्छन् भने राज्यले युवा निर्यातमा जोड दिएको छ । वार्षिक बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड हुँदा बजेटलाई पनि उछिन्दै हाम्रो ऋण २३ खर्ब ७१ अर्बको संख्यमा छ । यसरी हेर्दा हाल प्रतिव्यक्ति ऋणभार ८१ हजार ३ सय ६ रुपैयाँ पुगेको छ ।*

हिजोआज मिडिया बजारमा तथा सरकारका मुखपत्रहरूमा अर्थतन्त्र खुबै सुधार भएको चर्चा परिचर्चा छ । यसरी चर्चा हुनुमा नेपाल राष्ट्र बैंकले पछिल्लो सार्वजनिक गरेको आर्थिक तथा बित्तीय स्थितिसम्बन्धी प्रतिवेदन हो । आर्थिक सुधार हुनुभनेको देशमा उत्पादन बढ्नु, रोजगारीको सिर्जना, निर्यातमा वृद्धि, आयातमा कमी हुनु हो । के आज देशमा उत्पादन बढेको छ ? उत्पादन बढेको भए कृषिजन्य वस्तुमा समेत वार्षिक ३ खर्बभन्दा बढी किन आयातमा हामीले खर्चिनु पर्‍यो । ठूलो संख्यामा किन हातमुख जोड्नकै लागि विदेश पलायन हुनुपर्थ्यो ? आर्थिक सुधार हुनुभनेको सार्वजनिक ऋण घट्नु होइन ? किन सार्वजनिक ऋणको ब्यारोमिटर उत्कर्षमा पुगेको छ ? आर्थिक सुधार हुँदा त हाम्रो राजस्वले चालु खर्चलाई धान्नुपर्ने होइन ? के रेमिट्यान्स बढ्दैमा मुलुकको आर्थिक सुधार हुन्छ ? रेमिट्यान्स अर्थतन्त्रको अस्थायी टेको होइन ? विदेशी मुद्राको सञ्चिति बढ्नु र शोधानान्तर स्थिति बचतमा मात्रै हुनु समग्र अर्थतन्त्रको सुधारको मापन हुन्छ ? यी सबै तथ्यांकहरूको सूक्ष्म अध्ययन जरुरी छ । अर्थशास्त्रीय सिद्धान्तका हिसाबले पनि हाम्रो अर्थतन्त्र सुधारको दिशामा छैन । झन् पराधीनताको दिशामा उन्मुख छ ।

सरकारले अर्थतन्त्र सुदृढ भएको जतिसुकै डम्फु बजार पनि आर्थिक मन्दीले बहुआयामिक संकट सिर्जना गरिदेको छ । व्यापार व्यवसाय झन्-झन् जटिल अवस्थामा छन् । वित्तीय अपराध र अकुत आर्जनले मुलुकको अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा धकेलेको छ । वित्तीय अपराध बढेपछि बैंकहरूको खराब कर्जा बढेको छ । कूल प्रवाह भएको बैंकिङकर्जा रकममध्ये उठ्न नसकेको बैंकहरूको निष्क्रिय (खराब) कर्जा एक वर्षमै दोब्बर भएको छ । अर्थतन्त्रको तेस्रो खम्बा उठ्नै नसक्ने गरी थला परेको छ । पीडितहरूको संख्या लाखौं छ । सरकार पुँजीगत खर्च गर्न असफल देखिएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा १५ प्रतिशत भन्दा बढी खर्च गर्न सकेको छैन । गौरवका आयोजनाको प्रगति निराशाजनक छ । कुनै पनि मुलुक वस्तु तथा सेवा निर्यात गरेर सम्पन्न हुन्छन् भने राज्यले युवा निर्यातमा जोड दिएको छ । वार्षिक बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड हुँदा बजेटलाई पनि उछिन्दै हाम्रो ऋण २३ खर्ब ७१ अर्बको संख्यमा छ । यसरी हेर्दा हाल प्रतिव्यक्ति ऋणभार ८१ हजार ३ सय ६ रुपैयाँ पुगेको छ । यसको मुख्य कारण नेताहरूको नियतमा खोटले छ । तथ्य तथा तथ्यांकमा अर्थात् विश्लेषण गर्ने हाम्रो अर्थतन्त्रलाई बुँदागत रूपमा यसरी बुझ्न सकिन्छ ।

**१.बढ्दो सार्वजनिक ऋण :**
बेलगाम साधारण खर्च र संघीयतापछि बढेको सरकारको दायित्वका कारण हाम्रो अर्थतन्त्र सार्वजनिक ऋणले थलिएको छ । पछिल्ला वर्षहरूमा मुलुकमा सार्वजनिक ऋणाको ब्यारोमिटर उच्च हुँदै गएको छ । हरेक वर्ष करिब तीन खर्बले सार्वजनिक ऋण बढ्दै जाँदा त्यसको भार सकरारमाथि पर्दै गएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा १४ खर्ब २७ अर्ब रुपैयाँ ऋण रहेको थियो । त्यसको तीन वर्षमा सार्वजनिक ऋण झण्डै ५१ प्रतिशत अर्थात ७ खर्ब २७ अर्ब रुपैयाँले बढेको छ । आर्थिक वर्ष २०७७/०७८ मा १७ खर्ब २८ रुपैयाँ, ०७८/०७९ मा २० खर्ब १३ अर्ब रुपैयाँ र चालु आर्थिक वर्ष २०८०/०८१ को कात्तिकसम्म आइपुग्दा २३ खर्ब ५७ अर्ब ६ करोड नाघेको छ ।

अहिले प्रतिव्यक्ति ऋणको हिस्सा ८१ हजार ३ सय ६ रुपैयाँ पुगेको छ । अनुत्पादक क्षेत्रमा बढ्दो लगानीको कारणले सार्वजनिक ऋण बढ्ने गर्दछ । चालु आर्थिक वर्षको पछिल्लो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ । ऋणमाथि ऋण थपिँदा देश झन परनिर्भर बनेको पुष्टि हुन्छ । बढ्दो सार्वजनिक ऋण अर्थतन्त्रको नकारात्मक परिसूचक हो ।

**२. कमजोर पुँजीगत खर्च :**
पुँजीगत खर्चको आकार चालु खर्चको तुलनामा एकदमै कम छ । पुँजीगत खर्चको हिस्सा कूल बजेटको आकारमा २१ देखि २३ प्रतिशत भन्दा बढ्न सकेको छैन । विगत केही वर्षअघिदेखि त्यसमा पनि असारे विकासको पुनरावृत्तिले धेरै रकमको दुरुपयोग हुन्छ भने कतिपय रकम खर्च नगरी पुन: राज्य कोषमा जाने देखिएको छ । कतिपय खर्च त कागजमै सीमित हुन्छ । वर्तमान सरकारले आर्थिक सुधारको जतिसुकै डम्फु बजाए पनि पुँजीगत खर्च गर्न असफल देखिएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा १५ प्रतिशत पनि खर्च गर्न सकेको छैन ।

**३. तरलता अधिक (बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रिनु) :**
अहिले आर्थिक मन्दीले चोतर्फी संकट सिर्जना गरेको छ । अघिल्लो वर्ष तरलता अभावको अवस्था सिर्जना भएको थियो भने अहिले तरलता अधिकको समस्या छ । तरलता अधिकमा बैंक तथा वित्तीय संस्थासँग पैसा थुप्रिन्छ अर्थात संस्थासँग कर्जा दिने क्षमता अधिक हुन्छ । त्यस्तो अवस्था बैंकिङ प्रणालीमा अवरोध सिर्जना हुन्छ । बैंकमा नयाँ कर्जाको मागमा कमी आउँछ । पुस १८ सम्मको तथ्यांक हेर्ने हो भने समग्र बैंक तथा वित्तीय संस्थासँग ४ खर्ब ३३ अर्ब हाराहारी रुपैयाँ कर्जा प्रवाह गर्ने क्षमता छ ।मुलुकको व्यावसायिक वातावरण बिग्रिएको छ । कालोसूची र लिलामी बढिरहेको छ । सूचना केन्द्रको गत आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने उद्योगी तथा व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्नेको संख्या तीन गुणाले बढेको छ । सहकारी क्षेत्रमा विकृति मौलाउँदै गएको छ । सरकारले त्यसविरुद्ध कदम चाल्न सकेको छैन ।

**४. सरकारको आम्दानी र राजस्वको खाडल बढ्दो :**
बजेट कार्यान्वयनको आधा वर्ष (६ महिना) बित्दा हाम्रो राजस्वले चालु खर्चलाई समेत धान्न सकेको छैन । महालेखानियन्त्रकको कार्यालयका अनुसार यस अवधिमा लक्ष्यको ७५.६५ प्रतिशत अर्थात चार खर्ब ९३ अर्ब खर्च भएको छ । राजस्वले चालु खर्च नधान्दा विकास (पुँजीगत) खर्च सबै ऋणमा हुने गर्दछ । यस्तो अवस्थालाई मध्यनजर नगरी आर्थिक सुधार भयो भनी ढोल पिट्नु कदापि उचित होइन । कतिपय अर्थशास्त्री र विश्लेषकहरूले पनि तथ्यमा नटेकी मुक्तकण्ठले आर्थिक सुधारले दिशा पकडेको छ भनी व्याख्या गरेका छन् । आर्थिक विश्लेषकहरूले सधैं स्वतन्त्र तथा निष्पक्ष भएर विश्लेषण गर्नुपर्छ ।

**५. उच्चव्यापार घाटा यथावत् :**
अर्थतन्त्रको मेरुदण्ड निर्यात हो । हाम्रो निर्यात-आयातबीच फराकिलो अन्तर छ । जसको कारण व्यापार घाटा हुने गर्दछ । निर्यात-आयात अनुपात अहिले ९.८ प्रतिशत हुनाले सय रुपैयाँ आयात गर्दा निर्यात भने नौ रुपैयाँ हाराहारीमात्र गर्छौं भन्ने देखिन्छ । चालु आर्थिक वर्ष २०८०/०८१ को पाँच महिनामा कूल वस्तु व्यापार घाटा ३.१ प्रतिशतले कमी आए पनि पाँच खर्ब ७९ अर्ब रुपौयाँ घाटा रहेको छ ।

**६. बढ्दो रेमिट्यान्स परनिर्भरताको संकेत :**
कुनै पनि देश वस्तु तथा सेवानिर्यात गरेर धनी भएका छन् । तर हाम्रा शासक युवा निर्यात गरेर उनीहरूले पठाएको रेमिट्यान्सबाट देश धान्न खोजिरहेका छन् । चालु आर्थिक वर्षको ५ महिनामा विप्रेषण आप्रवाह २३ प्रतिशत बढेको छ । स्वेदशमा रोजगारी नभएपछि युवाको खुन र पसिनासँग रेमिट्यान्स साट्नु अत्यन्त दु:खद् हो । जबसम्म युवाको श्रम, सीप, जनशक्ति स्वदेशमा प्रयोग हुँदैन तबसम्म देश सम्पन्न हुँदैन । रेमिट्यान्स आएर हाम्रो अर्थतन्त्र सुधार भएको हल्ला गर्नु कदापि सकारात्मक संकेत अर्थात सकारात्मक आर्थिक परिसूचक होइन ।

अन्त्यमा, रेमिट्यान्स आएको वृद्धिले विदेशी विनिमय सञ्चिती तथा शोधानान्तर बचत बढेको छ । गएको असार मसान्तसम्ममा १५ खर्ब १४.८ प्रतिशतले वृद्धि भई चालु आर्थिक वर्षको पाँच महिनामा बाफय अर्थतन्त्रमा सुधार देखिन्छ । बाफय अर्थतन्त्रमा केही सुधार हुँदैमा आन्तरिक अर्थतन्त्रमा सुधार हुँदैन । आन्तरिक अर्थतन्त्र सुधार नभईकन आर्थिक चलायमान हुँदैन । आन्तरिक अर्थतन्त्र सुधार गर्न पुँजीगत खर्चलाई समयमै सदुपयोग गर्नुपर्छ । उत्पादन बढाई रोजगारी सिर्जना, भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्छ । छायाँ अर्थतन्त्र अर्थात अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा ल्याउन सक्नुपर्छ । रेमिट्यान्सलाई उत्पादन क्षेत्रमा लगाउन सक्नुपर्छ । तबमात्र अर्थतन्त्रमा सुधार हुन्छ । रेमिट्यान्स र विदेशी मुद्राको सञ्चिति बढ्दैमा समग्र अर्थतन्त्र सुधार मान्नु हुँदैन । महत्वपूर्ण कुरा स्वाधीन अर्थतन्त्र हो । स्वाधीन अर्थतन्त्रको जगमा मात्र हाम्रो अर्थतन्त्र मजबुत हुन्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ। |
| **बृष** :मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** :शरीरमा आरोग्य र स्फूर्ति बढ्नेछ ।प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान् |
| **कर्कट** :व्यवसायबाट सोचेको लाभ मिल्नेछ ।अरूको मन जित्न सकिनेछ । | **मकर** :व्यवसायिक भ्रमण गर्ने मौका आउला।आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **सिंह** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** :धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** :समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ |

# साहित्य दर्पण

नियात्रा ● रोहितप्रसाद ज्ञवाली

## साहित्यिक यात्रा





शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाको आयोजनामा यही ०८० पौष २७ र २८ गतेको साहित्यिक यात्रा अड्तीस घण्टामा पुरा गरी आफ्नो गन्तब्य स्थानमा फर्किएको छ । साहित्यिक यात्रा कास्कीको पोखरा, घान्द्रुक र पर्वत, म्याग्दी र बागलुङ्गको बाग्लुङ्गमा कालिका भगवती दर्शन गर्न पुगेको थियो । यसै विच पर्ने घान्द्रुकको शिरानमा दरबार तथा मौलाकालिको दर्शन । अनि घान्द्रुक स्टेशन देखी शिरानमा उक्त मन्दिर स्थानबाट घान्द्रुकको आकर्षक हिमाली लहरको दृष्यले मानवीय भावनालाई द्रविभूत पार्दछ । त्यहाँबाट अन्नपूर्ण, गंगाचुली, हिमचुली, माछापुच्छ्रे हिमाल देखिने गर्दछन् । तर पहिले पहिलेका तस्वीरमा र बयानमा जस्तो भरिपूर्ण हिऊले ढाकिएको भने देख्न दुर्लभ हुने गएको छ । जसको कारण मानवीय शक्ति प्रदर्शन युक्त गतिविधिले पर्यावरणीय प्रतिकुलन अवस्था सिर्जना हुँदै गएको पनि देखिन्छ । कुस्मा पर्वतको बञ्जीजम्प क्रिडास्थल, म्याग्दी बजार नजिकै रहेको गलेश्वर महादेवको र चक्रशिला धामको समेत अवलोकन गरियो । बाग्लुङ्ग कालिका मन्दिर आइपुग्दासम्म २:०० बजिसकेको थियो तत्पश्च्यात दर्शन अवलोकन गरी त्यहाँबाट ३:०० बजे कालिगण्डकी करिडोर अन्तर्गत बाग्लुङ्ग बलेवा हवाईग्राउण्ड क्षेत्र हुँदै कालिगण्डकीको उत्तरीपखेरा भएर गुल्मीको अर्वेनी, पूर्तिघाट हुँदै पून: मिर्मी, जिरो किलोमिटरतर्फ मोडियौं । राम्दीघाट हुँदै तानसेन शित्तलपाटी प्रस्थान विन्दु फर्कियौं । यो थियो हाम्रो धार्मिक तथा पर्यटकीय अवलोकनको विवरण । यस भ्रमणमा केही साहित्यिक गतिविधि पनि भए । जुन यस प्रकार रहेको छ ।

स्याङ्गजाको वालिङ्गमा नेचुरल भ्यू टावर भवनमा शिशमहल क्यावितबाट वालिङ्ग बजार सहितको मनमोहक दृश्य अवलोकन भयो । यसका प्रोपराइटर साहित्यकार शम्भू अर्यालको आतिथ्यमा चिया जलपान पनि भयो । केही प्रसँगका साहित्यिक गतिविधिका चर्चा पनि भए । कास्कीको पोखरामा लेक साइड-६, स्थित रोजम्यारी होटलमा साहित्यकार रिता न्यौपाने पहारीसँग मिठो न्यानो भलाकुसारी भयो । हाम्रो यस यात्री समूहलाई बिहानको खानाको आतिथ्य सत्कार पनि गर्नुभयो । साहित्यिक गतिविधिका अनुभवहरु साटासाट भए । हामीले लिई गएको कृतिहरुसँग हेमराज पहारी स्मृति ग्रत्थ, हेमराज पहारीका गीतहरुका पुस्तक आदानप्रदान पनि भयो । उक्त रोजम्यारी होटेलका प्रोपराइटर रिता न्यौपाने पहारी उक्त स्मृति प्रतिष्ठानको अध्यक्ष पनि हुनुहुन्छ ।

पाल्पाली समाज पोखराको पाल्पा हाउस न्यूरोड पोखरामा रहेको छ । पाल्पा भूमिमा जन्मथलो भई कास्की पोखरामा कर्मथलो बनाउनुभएका कर्मष्ठ उद्येमीको एउटा समूह हो यो पाल्पाली समाज । पाल्पा हाउस, पाल्पाली बहुउद्देशीय सहकारी संस्था, ट्रावल एजेन्सी आदि मुख्य उपलब्धी हुन् भने पाल्पालाई चिनाउन रानीमहल रेष्टुरेण्ट, उक्त रेष्टुरेण्टको भवन मोहडा पनि दुरुस्तै र भित्र दरबार, रानीमहलका भित्ते चित्रहरु, रहेकाछन् भने ढाका करुवाको पनि उत्पादन गरिएकाछन् त्यसैप्रकार पाल्पामा पाइने प्रमुख परिकार पनि माग बमोमि बनाइन्छन् । यसरी हेर्दा पाल्पाको चिनारी गर्ने कर्ममा मनले लागेको देखिन्छ भने कर्मथलोको हिसाबले उत्पादन वितरण, सहकारी सञ्चालक हुनु पोखराबासीसँगको आर्थिक सहभागितासँग गाँसिनु महत्वपूर्ण पक्ष रहेकोछ । यस पाल्पाली समाजका कुल प्रसाद धिमिरे, वर्तमान अध्यक्ष पाल्पा हुमिन जन्मथलो भएका महेश्वर श्रेष्ठ, दामोदर सर आदिले पाल्पाली समाजको बारेमा प्रकाश पार्नुभयो । वहाहरुको भनाई थियो कि ! पाल्पासँग पोखरालाई अर्थपूर्ण हेतुले जोड्न पाल्पाली बहुउद्देशीय सहकारी संचालन गरेका छौं । हामीले ब्यावसाय गर्दा ब्यापार मात्र नभै आवश्यकतानुसार सेवा भावनाले पनि काम गर्ने गरेका छौं । जनकवि केशरी धर्मराज सावित्री थापा प्रतिष्ठान, कविवर बाटुलेचौर पोखरामा हाम्रो समूहलाई बाजागाजा सहित भजन मण्डलीद्वारा स्वागत भयो । यस प्रतिष्ठानको अध्यक्ष प्रतिष्ठित लोक गायक धर्मराज थापाकै सुपुत्र मदनराज थापाले शि.स्वा.तथा सा.प्रतिष्ठान पाल्पाका अध्यक्ष पुष्कर राज रेग्मी अथकसँगको संयुक्त मञ्चबाट सिर्जना वाचन कार्यक्रम राख्नुभएको थियो । हाम्रो समूहलाई पुष्प गुच्छा र खादा पनि लगाइदिनु भएको थियो । उक्त प्र.दुर्गा थापाको सञ्चालनमा शुभारम्भ भएको सो कार्यक्रममा विशेष अतिथि पाल्पा साहित्य समाजका संरक्षण राजेन्द्र गोपाल सिंह र प्रा.डा. कुञ्ज राज थापा, शुक्ला साहित्य प्रतिस्थानका अध्यक्ष गोदार सर भजन समूहका संयोजक नेत्र बानियाँ आदि थुप्रैको सहभागिता थियो । जनकवि केशरी धर्मराज थापाले १४ अञ्चल भ्रमण गर्ने क्रममा पाल्पा पनि पुगेर धवल पुस्तकालयमा हस्ताक्षर गरेका प्रसँग, उहाँका बारेमा बोलिएका लेख रचनाहरुको पनि चर्चा भए ।

हामीले यहाँबाट लगेका कृतिसँग प्रधान सम्पादक मदनराज थापा भएको डाँफे चरी, प्रा.डा. कुञ्जराज थापाको झिसमिसेमा स्वयम्भू, साँघु: अनि नेत्र बहादुर बानियाँको त्रिवेणी समूह पुस्तक आदान प्रदान पनि भए । यस समारोहमा उपस्थित सबैले सिर्जना वाचनका साथै लोक भजन, धार्मिक भजनमा सामूहिक नृत्य पनि गरि वातावरण संगितमय भएको थियो । यसरी २:३० घण्टा रमाइलो वातावरणमा साहित्यिक गतिविधिको चर्चा, अनुभव साटासाट, संयुक्त फोटो सेशन तथा पाल्पा र पोखरा बिचमा एउटा महत्वपूर्ण सम्बन्ध कायम भएको अनुभूत गर्दै त्यहाँबाट कास्कीको अर्को वातावरणीय आकर्षकको केन्द्र रहेको घान्द्रुक तर्फ प्रस्थान गरियो । हाम्रो यस साहित्यिक यात्रामा शि.स्वा.सा. प्रतिष्ठानको अध्यक्ष पुस्कर राज रेग्मी अथक को पहलमा सम्पदा प्रतिष्ठानका अध्यक्ष रामजी प्रसाद ढुंगाना, पाल्पा साहित्य समाजका पूर्ण अध्यक्ष तथा हालका संरक्षक राजेन्द्र गोपाल सिंह, विश्व साहित्य संजाल पाल्पाका सहसचिव आयाम कार्की, अनि आयोजक संस्थाका उपाध्यक्ष रोहितप्रसाद ज्ञवाली, कार्यसमिति सदस्य गम्भीर जंग रायमाझी अर्का सदस्य पत्रकार तथा परेवा पाक्षिक पत्रिकाका सम्पादक तथा व्यवस्थापक भोजराज भट्टराई एवं यस साहित्यिक भ्रमणमा भविस्यका लागि बाल सहभागिताको अपरिहार्यता महशुस गरेर अस्तित्व रेग्मी, रोहित गोपाल सिंह, आविस्कार भट्टराई, गृष्मा रायमाझीलाई पनि सहभागिता गराइएको थियो । यस साहित्यिक यात्रामा सुरक्षित भ्रमण र पुन: गन्तब्यमा पुर्‍याउने जिम्मा रिजर्भ सेवाका प्रो.शिव घर्ती मगर गुरुजीको रहेको थियो । यात्रा सफल भएकोमा सम्पूर्णलाई बधाई ।

***(लेखक शिक्षा, स्वास्थ्य, साहित्य प्रतिष्ठान नेपाल पाल्पाका उपाध्यक्ष समेत हुन् ।)***

कथा ● जगन्नाथ पन्त

## हजुरबाको 'रामराज्य' कथा



हजुरबा आज कुन कथा भन्नु हुन्छ ? नाती नातीनाहरुले एकै स्वरले जिज्ञासा पस्किए । तिमीहरुले जे विषयमा सुन्न चाहान्छौ, त्यहि भन्छु ल भनभन हजुरबाले आज्ञा गर्नुभयो । ल आज रामराज्यको कथा सुनाउनु है, सबै भन्दा ठूली दश कक्षा पढ्दै गरेकी नातिनीले आग्रह गरिन् । तिमीलाई रामराज्यको कथा सुन्ने ईच्छा कसरी आयो ? हजुरबाले भन्न नपाउदै नातिनीले भनिन् अयोध्यामा राम मन्दिरको समुद्घाटन र मूर्तीको प्राण प्रतिष्ठा हुँदैछ रे भन्ने सुनेकी छु । फेरि भगवान भनेर सपुज्यीत रामले गर्भवती सीतालाई किन सुनिसुनाईको पछि लागेर त्यागी दिए ? वालीलाई लुकेर वाण हाने ? सुनको मृग हुँदैन भन्ने जान्दा जान्दै किन समात्न पछि लागे ? सीताले किन लक्ष्मणलाई शंका गरिन् ? जान्नलाई हो हजुरबा । ए त्यसो भा ध्यान दिएर सुन है भन्दै कथा शुरु गर्नुभयो ।

अयोध्याका राजा दशरथलाई सन्तान नहुँदा यज्ञ लगाए । यज्ञको फलस्वरुप कौशल्याका पुत्रको रुपमा राम, कैकेहीका पुत्रको रुपमा भरत र सुमीत्राका पुत्र रुपमा शत्रुघ्न र लक्ष्मण प्रकट भए । यिनीहरु गर्भाधान प्रक्रियाबाट जन्मेका थिएनन । यज्ञको प्रसाद पायस (खीर) बाट उत्पन्न भएका थिए मनुष्य रुपमा । रामको बिवाह जनकपुरका राजा विदेही जनककी छोरी सीतासंग भएको हो । राजा जनक परम ज्ञानी थिए । अष्टावक्र ऋषीबाट अनेक जिज्ञासाका ज्ञान लिन्थ्ये । देह अर्थात शरीर धारी हुँदाहुँदै पनि मन वसमा राखेका थिए । संसारिक विषय, सत्ता भोगमा भन्दा आत्म ज्ञानको उच्चतामा रहने हुँदा उनलाई विदेही अर्थात देह रहित मानिन्छ । शिवको धनुषमा जसले पर्त्यन्जा लगाउन सक्छ उसैसंग सीताको बिवाह गरिदिने शर्त जनकले घोषणा गरेका थिए। रामले शर्त पुरा गरेकाले सीतासंग रामको बिवाह भएको थियो । अरु कैयौ राजा, राजकुमारहरुले डगाउन पनि नसकेको धनुष रामले उठाएर खैंचदा धनुष नै भाचिएको थियो । धनुष प्रतियोगिता आयोजना भएको ठाउँ भएकाले जिल्लाको नाम नै धनुषा रहन गएको हो । सीता पनि आमाको गर्भवाट होइनकि जमीनवाट उत्पत्ति भइकी थिइन । त्रेत्ता युगमा मात्र होइन कलि युगमा धेरै पछिसम्म पनि नेपाल भारत भन्ने नै थिएन । मिथिला, अयोध्या आदि नामका अनेकौ राज्य थिए । अयोध्या अहिले भारतमा छ र जनकपुर नेपालमा । हुन त नेपालका एक जना प्रधानमन्त्रीले राम जन्मेको नेपालको ठोरी चितवनमा हो भनेर पनि दावा गर्नु भएको छ । यसमा अहिले केही भन्दिन ल । लंका विजय गरी फर्के पछि रामले अयोध्यामा दिव्य बाह्र हजार वर्ष राज्य गरेका थिए । कैकेहीको वचन राजा दशरथले टार्न नसक्दा राम १४ वर्ष वनवास भए । एक दिन वनको कुटीवाट सीताले सुनौलो मृग देखिन र छोपेर दिन सीताले रामलाइ भनिन् । राम मृगको पछि लागे । केहिछिन पछि है लक्ष्मण ! भनि गुहार मागेको ध्वनी सुनेर सीताले लक्ष्मणलाई दाईको सहायता गर्न जाउ भनिन् । म तपाइलाई छोडेर जादिन भन्दा दाईलाई केही भए मलाई भोग्ने मन राखेको भन्ने आरोप लगाइन् । त्यो वचन लक्ष्मणलाई असैह्य थियो । सीताको सुरक्षाका लागि रेखा वनाएर छोडे । जुन रेखा अरुले पार गरेमा तत्क्षण भष्म हुने शक्तिशाली थियो । लक्ष्मण रेखा बाहिर गएर भिक्षा दिदा भिक्षुक योगी धारण गरेका रावणले छल गरी सीतालई हरण गरी लंका लगे । अहिले पनि कसैलाई नियम, वाचामा राख्न लक्ष्मण रेखा कौरौ भन्ने चलन छ । वाल्मिकीले रामावतार पूर्व नै रामायणको रचना गरेका थिए । भानुभक्तले गीति लयमा रामायण लेखे । यि दुबै रामायण कथाको वास्तविकता भन्दा केही घटना मूलरुपमा फरक छन् तुलसीदास कृत रामचरित मानसमा । राम वनवास जादा सीता स्वेच्छाले अग्नीमा प्रवेष गरी सुरक्षीत वसेकी थिइन् । लंका विजय गरी राम अयोध्या फर्के पछि म आए सीता प्रकट होउ भनेर रामले भने पछि सीता अग्नीबाट निस्केकी हुन् । अबुझहरुले सीताको पवित्रताको परीक्षा लिएको भनेर अनर्थ लगाएका हुन् । वनमा गएकी र रावणले हरेकी सीता नक्कली सीता थिइन । सीता अग्नीवाट निस्कना साथ नक्कली सीता अलप भइन् ।

रावणलाई अन्त्य गर्न भगवान श्रीरामले रचेको लीला थियो सबै । खासमा पद्मावती नामकी नारीले भगवान पति पाऊ भनेकी थिइन् । त्रेता युगमा होइन कलीयुगमा भगवान पति पाउने छौ, अहिले नक्कली सीता हुन सक्छौ भनेर पद्मावती सीता बनेकी थिइन् । त्यसैले गर्दा उनि भ्रमित भएर अपहरणमा परेकी हुन् । लक्ष्मणलाई शंका गर्नुको कारण पनि प्रतिनीधि पात्र भएकाले हो । कलियुगका भगवान श्रीनिवासकी पत्नी बन्ने सौभाग्य पाइन् पछि पद्मावतीले । अहिले पनि श्रीनिवास दक्षिण भारतमा तिरुमाला पर्वतमा तिरुपती वालाजीको रुपमा छन् । उनी खासमा त्रिपति हुन् । अर्थात पद्मावती, वेदवती र भूदेवी गरी तीन वटी पत्नीका पति भएकाले त्रिपति हुन् । त्रिपतिलाई नै कालान्तरमा तिरुपति भनिएको हो । एक दिन धोविकी पत्नी लुगा धुने काम सकेर घर फर्क्दा साझ पर्यो, त्यहीवेला घनघोर वर्षा भयो । खोला थियो घरजाने बाटोमा, खोला बढेर तर्न नसकिने भए छ । नजिकैको केवटको घरमा केवटकी श्रीमतीसंगै धोविनी वास बसिछन् । बिहान घर पुग्दा अरुकोमा रात बिताएकी तलाइ म घरमा राख्दिन । म राम जस्तो अर्कालि लगेकी सीतालाइ राखे जस्तो राख्दिन भनेछ धोवीले । तर रामले धोवीको वचनले त्यागेका होइनन् । संजोग मात्र परेको हो । राम अयोध्यका राजा भएको ११ हजार वर्ष भएको थियो । सीता गर्भवती भइन् । सीताको इच्छा कुनै सन्त ऋषीको आश्रमा बच्चा जन्माउने थियो । उनी आफ्नो सन्तानलाई दरवारको तडकभडकमा होइन कि कुनै सिद्द ऋषिको सुसस्कारमा हुर्काउन चाहिन् । आफ्नो चाहना पुरा गर्न रामको अनुमती लिएर बाल्मिकी आश्रम गएकी हुन सीता । धोवीले वोलेकै दिन सीता बाल्मिकी आश्रम प्रस्थानको दिन पर्नु संजोग मात्र हो । रामले सीतालाई आरोप लगाएर त्यागेका होइनन् । सीता धर्ती पुत्री थिइन् त्यसैले पछि धर्तीमै अलप भइन् । राम मर्यादा पुरुष थिए । उनको राज्यमा कसैलाई पनि अन्याय हुँदैनथ्यो । मानिस त के पशु पंक्षीले पनि न्याय पाउथे । अन्यायी जो सुकैले दण्ड पाउथे । राज्यको स्रोत साधन जनताको हीतमा उपयोग हुन्थ्यो । रामराज्य भनेको अहिले भन्ने गरिएको सुशासन हो । रामलाई भगवान भनेर नचिन्ने डेनमार्क, दिनिदरल्याण्ड, फिनल्याण्डमा अहिलेको जस्तो राम्रो प्रवन्ध छ नि, हो त्यो भन्दा नी राम्रो व्यवस्था भएकोले राम राज्य भनिएको हो । रामको राज्य भएर मात्र रामराज्य भनिएको होइन । जननी जन्म भूमिश्च स्वर्गादपी गरियसी भनेर रामले जन्म दिने आमा र जन्मेको देश स्वर्ग भन्दा प्यारो हुन भनेर भरतलाई सम्झाएका थिए । कैकेही मेरी माताले गर्दा हजुर वनवास जानु पर्यो भनी कै केहीलाई भरतले दोष दिंदा संझाएका थिए रामले यो स्लोक भनेर । कै केहीले रामलाई वनवास भरतलाई राज्य भन्नुको छुट्टै रहस्य छ । राजा दशरथ पछि जो १४ वर्ष अयोध्याको राजा होला उसको र अयोध्याको सर्वनाश हुने योग थियो । त्यो टार्न र रावणको पनि उद्धार गर्न जरुरी भएकाले त्यो सबै भएको थियो । त्यसैले त भरत गद्दिमा नबसी रामको खराउ (काठको जुत्ता) लाई गद्दिमा राखेर दरवार भन्दा अलग्गै ठाउँ नन्दिग्राममा बसेर राजकाज चलाउनु परेको थियो । यो रहस्यको राज राम र कै केहीलाई थाहा थियो । मान्छेले बुझ्ने विषय थिएन त्यो । नबुझेर हो कैकेही जस्तै सौतेनी आमा परोस भनेर सराप्थे रे कहिले कसै कसैले । एक दिन एउटा रुखमा गुड बनाउने भनि गिद्द र कौवा बीच झगडा परेछ । दुबैले उक्त रुख आफ्नो पुर्खौली हो भनि दावी गरेछन् । न्याय पाऊ भन्दै दुबै पंक्षी रामकोमा पुगेछन् । जहिलेदेखि कौवा भन्ने पंक्षी छ, त्यहिले देखि कैयौ युगदेखि रुखमा मेरो पुर्खाले गुड लगाउँदै आएकाले रुख आफ्नो जातिको हो भनि दावी पेश गरेछ । गिद्दले आफ्नो चार पुस्ता देखि त्यो रुखमा गुड बनाउँदै आएको दावी गरेछ । रामले प्रसिद्ध बृक्ष विज्ञलाई रुखको उमेर पत्ता लगाउन आदेश गरेछन् । रुख सवा सय वर्ष पुरानो ठहर भएछ । युगौ युग देखिको भन्ने कौवाको दावी मिलेन । रुख गिद्दको ठहर भयो । झुठ्ठा दावी गरे वावत कौवाको एउटा आखा फुटाइ दिने भनि दण्ड पायो । त्यसैले कौवाले अहिले पनि एकातिर मात्र देख्न सक्छ । यसरी राम राज्यमा न्याय अन्याय छुट्टिन्थ्यो । वानर राजा वाली वलवान थिए । रावण जस्तो शक्तिशालीलाई कैयौ दिन पुच्छरले वेरेर कैद गरेका थिए । रावणलाई हराउन एक्लै वालीको साथ पर्याप्त हुने थियो । त्यतिका वानर सेना जरुरी थिएनन । तर वालीले आफ्नो भाई सुग्रिवको पत्नी तारालाई हरेर लगेको थियो । वालीलााई दण्डित नगरी उसको सहायता लिनु रामको मर्यादा विपरित हुन्थ्यो । आफ्नी भार्या मुक्त गर्न बुहारी हरण गर्नेको सहायता लिए भन्ने आरोप लाग्ने थियो । नारायण भगवानवाट वालीले वरदान पाएका थिएकि उससंग जो युद्ध गर्ला सामुन्ने आउने शत्रुको आधावल वालीमा थप जोडिने छ । त्यसैले रामले टाढैवाट वाण हान्नु परेको हो । एउटा भगवनको वचन अर्को भगवानले मिथ्या सावित गरि मर्यादा उलंझन नहोस् भनेर रामले वालीले नदेख्ने गरी वाण चलाउनु परेको हो, डराएर होइन ।

त्रेता युगमा मानिस बनेर अयोध्यामा प्रकट भएका रामको जन्म भूमी अयोध्या मुगल संम्राटको अधिन पर्यो । ईस्वी संवत १५२८ मा मुगल संम्राट बाबरले सेनापति मीर बाकालाई राम मन्दिर भत्काउन आदेश दिए । त्यस क्रममा १ लाख ७४ हजार हिन्दु पनि मारिए । मुगल संम्राटले मन्दिरको ठाउँमा मस्जित बनाए । पछि बीरवलको सुझावमा अकवरले थोरै ठाउँमा सानो मन्दिर बनाउन र हिन्दूलाई पूजा गर्न दिए छन । तर त्यस पछिका मुगलले त्यो पनि हटाइ दिए । ४९६ वर्ष पछि रामको जन्मस्थलीमा विशाल राम मन्दिर वनाइएको छ । पटक पटक गरी हिन्दूहरुले ७८ वटा धर्म युद्ध लड्दा ३ लाख ५० हजार बढी हिन्दुले ज्यान गुमाए । नरेन्द्र दामोदर मोदी दोस्रो कार्यकालका लागि प्रधानमंत्रि निर्वाचित हुनासाथ भारतीय सर्बोच्च अदालतले जमिन रामको भनेर फैसला गर्‍यो । यो मुद्दा ९९ वर्ष देखि अदालतमा थियो । ५ अगस्त २०२० मा मोदिले मन्दिरको शिलान्यास गरेका थिए । नेपालको बेनी स्थित कालीगण्डकी तटबाट लगिएको शीलाबाट समेत राम मन्दिर निर्माणमा प्रयोग भएको छ । मन्दिरको उचाई १६१ फिट छ रे । यहि माघ ८ गते तदनुसार २२ जनवरी २०२४ मा भव्य समारोहका साथ मूर्तीको प्राणप्रतिष्ठा र उद्घाटन हुँदैछ रे । कुनै पनि भगवान वा देवी देउताको मूर्ती यदि, वीधिविधान पूर्वक प्राण प्रतिष्ठा भएन भने त्यसको दर्शनले, पुजनले लाभको सट्टा हानी पुर्‍याउछ । वीधि पुगेन भने मूर्तीमा यक्ष, भूत, प्रेत, पिशाच उपद्रवी तत्वले बास गर्छन् र दर्शन गर्ने र वरिपरी क्षेत्रलाई हानी पुग्छ । त्यसैले मूर्तीको वैदिक वीधिपूर्वक प्राण प्रतिष्ठा गर्नुपर्छ । फोटो वा तस्विर जस्तो गरी घरमा पनि त्यत्तिकै मूर्ती राख्नु हानीकारक हुन्छ भनि स्कन्द पुराणमा वर्णन गरिएको छ । बुझ्यौ त नातिनि भन्दै हजुरबाले आजको कथा सक्नुभयो । हामी एक घण्टा पढेर सुत्छौ है हजुरबा भन्दै केटाकेटी किताब फर्काउन थाले । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला । यो कथा बैकुण्ठमा जाला, भन्ने बेला फर्केर आउला भन्दै हजुरबा सुत्न आटिटिर लाग्नु भो ।

# राष्ट्रिय सभा निर्वाचन : सबै प्रदेशमा पठाइयो मतपत्र




**पाल्पा,** माघ ५/राष्ट्रिय सभा निर्वाचनका लागि आवश्यक मतपत्र सातवटै प्रदेशमा पठाइएको निर्वाचन आयोगले जनाएको छ । यही माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि चाहिने मतपत्र छपाई गरी सबै प्रदेशका निर्वाचन अधिकृतको कार्यालयमा पठाईसकिएको आयोगले जनाएको हो ।

आयोगले निर्वाचनका लागि ३८ प्रकारका मतपत्र छापाई गरेको छ । जसमा छ हजार नौ सय १० मतपत्र छपाइ गरी पठाइएको हो । प्रदेश राजधानी रहेका जिल्लाहरू मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलालीमा रहेका प्रदेश निर्वाचन कार्यालयमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालय मतपत्र ढुवानी गरिएको आयोगले जनाएको छ । निर्वाचनमा प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मदतान गर्ने छन् । जसमा प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र छपाइ भएका छन् ।

प्रदेशगत रुपमा रहेका निर्वाचक मण्डलका सदस्यको संख्या तथा निर्वाचन हुने पद संख्यालाई आधार मानी आयोगले तोकेको संख्यागत मापदण्डका आधारमा लुम्बिनी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका सात सय ४० मतपत्र, कोशी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय २० मतपत्र, मधेश प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय ४० मतपत्र, बागमती प्रदेशमा निर्वाचन हुने चार पदका लागि आठ प्रकारका एक हजार सात सय ६० मतपत्र र गण्डकी प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् ।

त्यसैगरी कर्णाली प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका सात सय ५० मतपत्र र सुदूरपश्चिम प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् । राष्ट्रिय सभाका एकतिहाइ सदस्य अर्थात् २० जनाको पदावधि २० फागुनमा सकिँदै छ । दुई हजार ४७ मतदाताले उनीहरूलाई चुन्नेछन् । प्रदेश सभा सदस्य पाँच सय ४९ जना, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १४ सय ९८ जना गरी जम्मा दुई हजार ४७ जनाको मतदाता नामावली स्वीकृत गरेको आयोगले जनाएको छ । तोकिएका मतदानस्थलमा मतदानका लागि प्रदेश सभाका सदस्यलाई बेग्लै र पालिका प्रमुख-उपप्रमुखहरूलाई बेग्लै केन्द्र तोकिएको आयोगले जनाएको छ । तोकिएका मतदान केन्द्रमा ११ माघमा बिहान ९ बजेदेखि अपराह्न ३ बजेसम्म मतदान हुनेछ ।

# जाडोमा काम्लोको व्यापार...

...लुकुम गाउँबाट काम्लो बिक्री गर्नकै लागि उनी बर्सेनि छिमेकी जिल्लाको बुर्तिवाङ बजारमा आउने गरेकी छन् । उनले काम्लोको महत्व घट्दा मूल्य भने ओरालो लागेको जानकारी दिइन् । 'काम्लो कम बन्न थालेको छ, ऊनलाई प्रशोधन गर्नका लागि धेरै मेहनत गर्नुपर्दछ, तर काम्लो र घुमले पानीसमेत छेक्ने गरेको छ, बर्खामा घुम उडेर काम गर्नसमेत सकिन्छ, काम्लोलाई सिलाएर घुमसमेत बनाउँदा जाडोमा निकै तातो हुन्छ', उनले भनिन्, 'एउटा काम्लोलाई दुई हजार पाँच सयमा बिक्री गर्दै आएकी छु जुन मूल्य सामान्य ज्याला मात्रै हो नाफा छैन ।' काम्लोको भारी बोक्दै बुर्तिवाङ बजारमा हिँडेकी पुनले बागलुङ बजारबाट अवलोकन भ्रमणका लागि बुर्तिवाङ पुगेका ग्राहकको मन जितेकी छन् । काम्लोको महत्व बुझेका बागलुङ नगरपालिका-१० भकुण्डेका उदित थापाले दुई हजार पाँच सयमा काम्लो किने । उनले काम्लो किनेको देखेपछिसँगै गएकाले थापालाई भने, 'एउटा प्लाष्टिकको गुन्द्रीलाई पाँच सयमा पाइन्छ यस्तो खस्रो काम्लोलाई दुई हजार पाँच सय हाल्ने ?' उनले भने 'भेडाको ऊनबाट बनेको काम्लोको महत्व छुट्टै छ, यो त धेरै सस्तोमा पाए त्यसैले खरिद गरे ।' थापाले काम्लो वर्षौं टिक्ने र तातोसमेत हुने भएकाले खरिद गरेको बताए । 'दुई हजार पाँच सयमा प्लाष्टिकका पाँच वटा गुन्द्री आउलान् तर यसले कुनै अर्थ राख्दैन', थापाले भने, 'पहिला मैले पाँच हजार मूल्य पर्ने सुनेको थिए, अहिले सस्तो लागेर किनेको हुँ, मैले किनेको देखेपछि ताराखोला गाउँपालिकाका उपाध्यक्ष भीमबहादुर रोकाले समेत काम्लो खरिद गरे ।' ताराखोला गाउँपालिका उपाध्यक्ष भीमबहादुर रोका बुर्तिवाङ बजारमा गएको समयमा विनमाया पुनसँगै दुई हजार पाँच सयमा काम्लो खरिद गरेका हुन् । उनले काम्लोलाई लगेर घुम बनाएर ओढ्ने जनाउँदै आफूलाई ऊनको काम्लोको निकै महत्व लाग्ने गरेको बताए । 'पाँच हजारसम्म पर्छ एउटा घुम (ऊनको कोट)लाई ताराखोलामा तर यहाँ दुई हजार पाँच सयमा काम्लो पाइयो काम्लोलाई घुम बनाउन सजिलै सकिन्छ त्यसैले खरिद गर्ने रहर जाग्यो', रोकाले भने 'ऊनबाट प्रशोधन गरिएको काम्लोको महत्वप्रति थोरै मानिस मात्रै जानकार छन्, पुख्यौली हस्तकलालाई प्रोत्साहनसमेत गर्न आवश्यक छ ।' भेडाको ऊनलाई प्रशोधन गरी तानमा बुनेर बनाइएको काम्लो धेरैका लागि रुचिकर कपडा लाग्न सक्छ । पछिल्लो पुस्ताले भेडाको ऊनबाट बनेको काम्लो र घुम देख्नै पाएका छैनन् । आधुनिकतासँगै तयारी पोशाक कपडाको प्रयोगले हातले निर्माण गरिएको काम्लो प्रयोग गर्नेको संख्या घटिरहेको छ । नेपालको उच्च पहाडी तथा पहाडी क्षेत्रमा पालिने भेडाको ऊनलाई प्रशोधन गरी काम्लो, बख्खु र हडौला बनाइन्छ । *-रासस*

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## तिनाउ गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| लेख बहादुर बस्नेत | लाल बहादुर थापा | प्रेम श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई